## एनएमबि बैंक लिमिटेडको
## विशेष साधारण सभाको विवरण
## (माईन्यूट)

१. **प्रारम्भिक :**

एनएमबि बैंक लिमिटेडको मिति २०७७/०२/३२ गते बसेको सञ्चालक समितिको ४०४औं बैठकको निर्णयानुसार कम्पनी ऐन, २०६३ को दफा ६७ बमोजिम बोलाइएको विशेष साधारण सभा बैंकको सञ्चालक समितिका अध्यक्ष श्री पवन कुमार गोल्याणको सभापतित्वमा सम्पन्न भयो । सभा सम्बन्धी विस्तृत विवरण यस प्रकार छ ।

सभा भएको मिति : २०७७ साल असार महिना २१ गते आईतबार (तदनुसार जुलाई ५, २०२०)

स्थान : कृष्णटावर, नयाँ बानेश्वर, काठमाडौं ।

समय : बिहान ११:०० बजे

२. **उपस्थिति :**

(अ) **सञ्चालकहरू**

| | | | |
|---|---|---|---|
| (१) | श्री पवन कुमार गोल्याण | – | अध्यक्ष (संस्थापक शेयरधनीको तर्फबाट) |
| (२) | श्री निको पिल | – | सञ्चालक (संस्थापक शेयरधनी एफएमओ नेदरल्याण्डस्को तर्फबाट) |
| (३) | श्री राजेन्द्र काफ्ले | – | सञ्चालक (संस्थापक शेयरधनी कर्मचारी संचय कोषको तर्फबाट) |
| (४) | श्री योगेन्द्र लाल प्रधान | – | सञ्चालक (सर्वसाधारण शेयरधनीको तर्फबाट) |
| (५) | श्री उत्तम भ्लोन | – | सञ्चालक (सर्वसाधारण शेयरधनीको तर्फबाट) |
| (६) | श्री शिरिष कुमार मुरारका | – | सञ्चालक (सर्वसाधारण शेयरधनीको तर्फबाट) |
| (७) | श्री प्रदीप राज पाण्डे | | स्वतन्त्र सञ्चालक |

(आ) **आमन्त्रित प्रतिनिधिहरू**

| | | | |
|---|---|---|---|
| (१) | श्री आर्नो डि भेट | – | प्रतिनिधि, (संस्थापक शेयरधनी एफएमओ नेदरल्याण्डस्को तर्फबाट) |
| (२) | श्री टि पुराहरन सि पि रामकृष्णन | – | प्रतिनिधि, (संस्थापक शेयरधनी योंग लियन रियाल्टी मलेशियाको तर्फबाट) |
| (३) | श्री रामचन्द्र पोखरेल | – | प्रतिनिधि, (संस्थापक शेयरधनी कर्मचारी सञ्चय कोषको तर्फबाट) |
| (४) | श्री हरि प्रसाद अधिकारी | – | प्रतिनिधि, कम्पनी रजिष्ट्रारको कार्यालय |
| (५) | श्री मदन कुमार डंगोल | – | प्रतिनिधि, कानुनी सल्लाहकार |

(इ) **पदाधिकारीहरू**

| | | | |
|---|---|---|---|
| (१) | श्री सुनिल के.सी. | – | प्रमुख कार्यकारी अधिकृत |
| (२) | श्री प्रदीप प्रधान | – | प्रमुख संचालन अधिकृत |
| (३) | श्री गोविन्द घिमिरे | – | प्रमुख व्यवसाय अधिकृत |
| (४) | श्री सुदेश उपाध्याय | – | प्रमुख व्यवसाय तथा रणनीति अधिकृत |
| (५) | श्री सवनम लिम्बु जोशी | – | प्रमुख मानव संसाधन अधिकृत |
| (६) | श्री प्रमोद कुमार दाहाल | – | प्रमुख आन्तरीक लेखापरिक्षण तथा एएमएल अधिकृत |
| (७) | श्री नविन मानन्धर | – | प्रमुख वित्त अधिकृत |
| (८) | श्री रोशन रेग्मी | – | प्रमुख प्रोडक्ट डिजिटल च्यानल तथा रिटेल सेल्स |

(ई) **शेयरधनीहरू**

| विवरण | संस्थापक | सर्वसाधारण | जम्मा |
|---|---|---|---|
| स्वयं तथा प्रतिनिधि मार्फत जम्मा उपस्थित शेयरधनी संख्या | २३२ | २१७ | ४४९ |

३. **सभाको वैधानिकता :**

विशेष साधारण सभा शुरू हुनु अगावै कम्पनी ऐन, २०६३ को दफा ६९ मा भएको व्यवस्था अनुसार सभाको वैधानिकता बारे सभापतिज्यूको आज्ञाले कम्पनी सचिव श्री ध्रुव प्रसाद अधिकारीले देहायका विवरणहरू प्रस्तुत गर्नुभयो ।

(क) **सभाको बारेमा सार्वजनिक सूचना**

१. विशेष साधारण सभाको लागि सभा हुने मिति, स्थान, समय र छलफलका विषयहरू बारेको सूचना कम्पनी ऐन २०६३ को दफा ६७ बमोजिम विशेष साधारण सभा हुनुभन्दा १५ दिन अगावै शेयरधनीहरूको जानकारीकालागि निजहरूले यस बैंकलाई उपलब्ध गराएको ठेगानामा पठाईएको तथा सो बारेको सूचना राष्ट्रिय स्तरको दैनिक पत्रिकामा दुई पटक मिति २०७७/०३/०५ र मिति २०७७/०३/१५ गते प्रकाशित गरिएको जानकारी गराउनु भयो । साथै संचालक समितिको प्रतिवेदन प्राप्त हुन नसकेका शेयरधनीहरूले उक्त प्रतिवेदन बैंकको बबरमहल स्थित प्रधान कार्यालयबाट प्राप्त गर्न सक्ने र शेयरधनीहरूको सुविधाको लागि बैंकको वेबसाइट **www.nmbbanknepal.com** मा पनि राखिएको ब्यहोरा जानकारी गराउनु भयो ।

२. यसरी कम्पनी ऐन, २०६३ मा भएको व्यवस्था बमोजिम प्रकाशित गरिएको सूचनामा उल्लेखित छलफलका बिषयहरू उपर छलफल गर्न आज मिति २०७७/०३/२१ मा स्वयं तथा प्रोक्सी मार्फत जम्मा ४४९ जना शेयरधनीहरूबाट यस बैंकको बाँडफाँड भएको कूल शेयर संख्याको ५७.४७ प्रतिशतले प्रतिनिधित्व हुने गरी उपस्थिति जनाइ सकेको हुँदा यस सभा वैधानिक भएको ब्यहोरा जानकारी गराउनु भयो । साथै, नेपाल राष्ट्र बैंकबाट प्राप्त भएको स्वीकृति बमोजिम भर्चुअल(विद्युतिय) रुपमा समेत सभामा सहभागी तथा मन्तव्य राख्ने व्यवस्था मिलाइएकोमा संचालकहरु श्री निको पिल, योगेन्द्र लाल प्रधान र प्रदिप राज

NMB BANK LIMITED
एनएमबि बैंक लिमिटेड

पाण्डे तथा संस्थापक शेयरधनीहरु एफएमओ, योंग लियन रियाल्टी लगायतका अन्य शेयरधनीहरुले विद्युतिय रुपमा उपस्थिति जनाउनु भएको जानकारी गराउनु भयो ।

(ख) **गणपूरक संख्या**

साधारण सभा प्रयोजनको लागि बैंकको शेयरधनी दर्ता पुस्तिका तथा शेयर दाखिल खारेजीको कार्य बन्द भएको मिति २०७७/०३/१२ मा कायम शेयरधनीहरूले लिएको शेयरको विवरण निम्नानुसार रहेको थियो ।

| विवरण | | संस्थापक | सर्वसाधारण | जम्मा |
|---|---|---|---|---|
| कूल संख्या | शेयरधनीहरू | ६२६ | १४९,७२९ | १५०,३५५ |
| | शेयर | ७,११,५०,०३६.०७ | ६,८३,५९,८३८.५९ | १३,९५,०९,८७४.६६ |

कम्पनी ऐन, २०६३ को दफा ७३ बमोजिम सभा सञ्चालनकोलागि आवश्यक गणपूरक संख्या (बैंकका शेयरधनीहरूको स्वयं वा प्रतिनिधि मार्फत भएको उपस्थिति एवं उपस्थित शेयरधनीहरूले ग्रहण गरेको शेयरहरूको संख्या) देहाय बमोजिम रहेको थियो ।

| उपस्थित विवरण | | संस्थापक | सर्वसाधारण | जम्मा |
|---|---|---|---|---|
| स्वयं तथा प्रतिनिधि मार्फत उपस्थित संख्या | शेयर धनी संख्या | २३२ | २१७ | ४४९ |
| | शेयर | ६,२२,२७,३८१ | १,७९,४६,३४० | ८,०१,७३,७२१ |
| उपस्थितिबाट प्रतिनिधित्व भएको प्रतिशत | शेयर | ८७.४६ | २६.२५ | ५७.४७ |

उपस्थित शेयरधनीहरूले उपरोक्त व्यहोरा जानकारी लिंदै कानून बमोजिम बोलाइएको विशेष साधारण सभामा आवश्यक गणपूरक संख्या पुरा भई सभामा पेश भएका प्रस्तावहरूमा छलफल गर्न मञ्जुर भएकाले सभापतिज्यूले सभा आरम्भ गर्नुभयो ।

४. **छलफलका विषयहरू :**

(क) **विशेष प्रस्तावहरु :**

१. एनएमबि बैंक लिमिटेडले कञ्चन डेभलपमेन्ट बैंक लिमिटेडलाई प्राप्ति गर्ने सम्बन्धमा संचालक समितिको तर्फबाट प्रस्तुत प्रतिवेदन पारित गर्ने तथा एनएमबि बैंक लिमिटेडले कञ्चन डेभलपमेन्ट बैंक लिमिटेडलाई प्राप्ति गर्नका लागि अन्तिम स्वीकृति प्रदान गर्ने,

२. एनएमबि बैंक लि. ले कञ्चन डेभलपमेन्ट बैंक लिमिटेडलाई प्राप्ति गर्ने सम्बन्धमा सम्पत्ति तथा दायित्वको मुल्यांकन गर्नका लागि भएको मुल्यांकनकर्ताको नियुक्ति, मुल्यांकनकर्ताबाट प्राप्त मुल्यांकन प्रतिवेदन, प्राप्ति गर्ने सम्बन्धमा भएको प्रारम्भिक सम्झौता तथा प्राप्ति सम्बन्धी अन्तिम सम्झौतापत्रलाई अनुमोदन गर्ने,

३. एनएमबि बैंक लि. ले कञ्चन डेभलपमेन्ट बैंक लिमिटेडलाई प्राप्ति गर्ने प्रयोजनको लागि मुल्यांकनकर्ता श्री देव एसोसिएट्स, चार्टर्ड एकाउन्टेन्टस्बाट प्राप्त लक्षित संस्थाको सम्पत्ति र

NMB BANK LIMITED
एनएमबि बैंक लिमिटेड

दायित्वको मूल्यांकन प्रतिवेदन तथा अन्य सम्वद्ध व्यवस्थाको आधारमा निर्धारण गरिएको शेयर मुल्य अनुपात (Share Swap Ratio) - कञ्चन डेभलपमेन्ट बैंक लि. का शेयरधनीहरुलाई कञ्चन डेभलपमेन्ट बैंक लि. को प्रत्येक १०० कित्ता शेयर बराबर एनएमबि बैंक लि. को ८५ कित्ता शेयर प्रदान गर्ने (१०० : ८५) लाई स्वीकृति प्रदान गर्ने,

४. प्राप्तिको कार्य सम्पन्न भए पश्चात प्राप्ति सम्बन्धी सम्झौतापत्रमा उल्लेख भए बमोजिम बैंकको वर्तमान जारी तथा चुक्ता पुँजी बृद्धि हुने हुँदा सोही बमोजिम बैंकको प्रवन्धपत्रको दफा ६(ख) र ६ (ग) संशोधन गर्न संचालक समितिलाई अख्तियारी प्रदान गर्ने,

५. एनएमबि बैंक लि. ले कञ्चन डेभलपमेन्ट बैंक लिमिटेडलाई प्राप्ति गर्ने सम्बन्धमा भएको अन्तिम सम्झौतापत्रमा नियमनकारी निकायबाट कुनै संशोधनकोलागि सुझाव वा निर्देशन प्राप्त भएमा सो बमोजिम संशोधन वा थपघट गर्नका लागि संचालक समितिलाई अख्तियारी प्रदान गर्ने,

६. बैंकको प्रबन्धपत्रमा भएको संशोधनको स्वीकृति लिंदा वा अभिलेख गर्दा गराउंदा केही सामान्य हेरफेर गर्न, संशोधन सम्बन्धी कागजात प्रमाणित गर्न, दाखिला गर्न र अभिलेख गराई लिन तथा यस साधारण सभाको निर्णय कार्यान्वयनका लागि गर्नुपर्ने सर्म्पूण कार्यहरु गर्न समेत सञ्चालक समितिलाई अख्तियारी दिने ।

(ख) विविध ।

## ५. सभाको सभापतित्व :

यस विशेष साधारण सभा सञ्चालनका लागि वैधानिक आवश्यकता पूरा भएकाले कम्पनी ऐन, २०६३ मा भएको व्यवस्था अनुसार बैंकको सञ्चालक समितिका अध्यक्ष श्री पवन कुमार गोल्याणलाई सभाको सभापतित्व गर्न अनुरोध गरिए अनुरुप उहाँले सभाको सभापतित्व गर्नुभयो । तत्पश्चात सभापतिको आज्ञाले कम्पनी सचिवले सम्पूर्ण शेयरधनी महानुभावहरूलाई अभिवादन तथा स्वागत गर्दै सभाको कार्यक्रम अघि बढाउनु भयो ।

## ६ प्रतिवेदनको प्रस्तुतिः

सभाको काम कारवाही शुरू गर्ने क्रममा सञ्चालक समितिका अध्यक्ष तथा सभाका सभापतिले सञ्चालक समितिको तर्फबाट प्राप्ति सम्बन्धमा सञ्चालक समितिको प्रतिवेदन साधारण सभा समक्ष आवश्यक छलफल गरी पारित गर्नकालागि प्रस्तुत गर्नुभयो ।

## ७. छलफलको लागि आह्वान :

विशेष साधारण सभामा निर्धारित प्रस्तावहरूको बिषय-सूची उपर छलफल गर्न सक्ने व्यवस्था कम्पनी ऐनमा भए अनुरूप सभामा प्रस्तुत प्रस्तावहरुमा छलफलकालागि आ-आफ्नो मन्तव्य, बिचार, जिज्ञासा तथा सुझावहरू राख्न चाहने शेयरधनी महानुभावहरूलाई सहभागी हुन सभापतिबाट अनुरोध भयो ।

## ८. छलफलमा सहभागी हुने शेयरधनीहरू :

विभिन्न विषय उपर छलफलका लागि सभापतिबाट अनुरोध भए पश्चात् देहायका शेयरधनी महानुभावहरूले छलफलमा सहभागि भई आ-आफ्नो विचार तथा मन्तव्य राख्नुभएको थियो ।

NMB BANK LIMITED
एनएमबि बैंक लिमिटेड

| | | | |
|---|---|---|---|
| १. | श्री आर्नो डि भेट | ६. | श्री भक्ति प्रसाद उप्रेती |
| २. | श्री टि पुराहरन सि. पि. रामकृष्णन | ७. | श्री शिव प्रसाद पौडेल |
| ३. | श्री रामचन्द्र पोखरेल | ८. | श्री नरसिहं लाल चखुँ |
| ४. | श्री डमरु बल्लभ घिमिरे | ९. | श्री चन्द्र नारायण श्रेष्ठ |
| ५. | श्री शत्रुघन श्रेष्ठ | | |

९. **शेयरधनीहरूबाट व्यक्त गरिएका मन्तव्य तथा सुझावहरूको संक्षिप्त विवरण :**

१) श्री आर्नो डि. भेट : बैंकको विशेष साधारण सभामा भर्चुअल (विद्युतिय) माध्यमबाट सहभागी हुँदै एनएमबि बैंकलाई उत्कृष्ट बैंकको रुपमा राख्न सफल भएकोमा बैंकका अध्यक्ष, सिइयो तथा व्यवस्थापन समुहको कदर गर्दछु भन्नुभयो । एफएमओले बैंकलाई प्रविधिक तथा सामाजिक जोखिम लगायतका क्षेत्रमा आवश्यक सहयोग गरिरहेको छ । एनएमबि बैंकले कञ्चन डेभलपमेन्ट बैंकलाई प्राप्ति गर्ने यो विशेष साधारण सभालाई पुर्ण समर्थन छ भन्दै प्राप्ति पश्चात सुदुरपश्चिम क्षेत्रमा यस बैंकको बलियो उपस्थिति हुनेछ भन्नुभयो । उहाँले बैंकको Capital adequacy ratio राम्रो छ र औषतमा खराब कर्जा प्रतिशत समेत कम छ । सम्पूर्ण शेयरधनीहरुलाई यस बैंकलाई सहयोग गरि नेपालको उत्कृष्ट बैंक बनाउन अनुरोध गर्नुहुदै आफ्नो भनाई अन्त गर्नुभयो । (अंग्रेजी भाषामा दिएको मन्तव्यको नेपाली भाषामा अनुवाद)

२) श्री टि पुराहरन सि पि रामकृष्णन : बैंकको विशेष साधारण सभामा भर्चुअल (विद्युतिय) माध्यमबाट सहभागी हुँदै सर्वप्रथम बैंकले गरेको प्रगतीको लागि बैंकको सञ्चालक समिति तथा प्रमुख कार्यकारी अधिकृतको समूहलाई धन्यवाद ज्ञापन गर्नुभयो । एनएमबि बैंकले नेपालको प्रदेश ७ मा रहेको कञ्चन डेभलपमेन्ट बैंकलाई प्राप्ति गरी थप सवल बैंक बन्न लागेकोमा खुसी व्यक्त गर्दै बैंकले आगामी दिनमा अझै प्रगति गर्दै जाने विश्वास व्यक्त गर्नुभयो । बैंकको यो प्रगति व्यवस्थापनको कडा मिहेनत तथा प्रतिवद्धता र सञ्चालक समितिका सदस्यहरुको निरन्तर प्रयासले सम्भव भएको धारणा राख्नुभयो । (अंग्रेजी भाषामा दिएको मन्तव्यको नेपाली भाषामा अनुवाद)

३) श्री राम चन्द्र पोखरेल : कर्मचारी सञ्चय कोष समेत संस्थापक शेयरधनी रहेको एनएमबि बैंकले कञ्चन डेभलेपमेन्ट बैंकलाई प्राप्ति गर्न लागेकोमा खुसी व्यक्त गर्नुभयो । ओम डेभलपमेन्ट बैंकलाई मर्ज गरे पश्चात र हालको विषम परिस्थितीका कारण बैंकको निष्क्रय कर्जा बृद्धि हुन लागेकोले कञ्चन डेभलपमेन्ट बैंकलाई प्राप्ति पश्चात पनि बैंकको निष्कृय कर्जा बृद्धि हुनसक्ने हुँदा सतर्क रहन सुझाव दिनुभयो । उहाँले कञ्चन डेभलपमेन्ट बैंकलाई प्राप्ति गरी सफलतापुर्वक कारोबार गर्नको लागि शुभकामना दिनुभयो ।

४) श्री डमरु बल्लभ घिमिरेः यस्तो विषम परिस्थितीमा पनि बैंकले सावधानीका उपायहरु अवलम्न गरी विशेष साधारण सभा सम्पन्न गर्न गईरहेकोमा हार्दिक आभार व्यक्त गर्नुभयो । सुदुरपश्चिममा रहेको कञ्चन डेभलपमेन्ट बैंक प्राप्ति गर्न लागेकोमा खुसि व्यक्त गर्नुभयो । साथै, पूँजी बृद्धि हुँदा शेयरधनीहरुले पाउने प्रतिफल कम हुन जाने हुँदा अब बैंकको पूँजी बृद्धि नगर्दा राम्रो हुने विचार व्यक्त गर्नुभयो । कञ्चन डेभलपमेन्ट बैंक प्राप्ति गर्न लागेकोमा पूर्ण समर्थन जनाउदै हाल कोभिडले बैंकहरुलाई समेत निकै असर गरेको हुँदा खर्चहरु कटौती गर्नको लागि बैंकको के धारणा रहेको छ, स्पष्ट पारिदिन अनुरोध गर्दै एनएमबि बैंकलाई सफलताको कामना गर्दै कर्मचारीहरुलाई समेत धन्यवाद दिनुभयो ।

NMB BANK LIMITED

५) श्री शत्रुघन श्रेष्ठ : आजको विशेष साधारण सभाबाट कञ्चन डेभलपमेन्ट बैंकको १०० कित्ता शेयर बराबर एनएमबि बैंक लि. को ८५ कित्ता शेयर प्रदान गर्ने गरी कञ्चन डेभलपमेन्ट बैंकलाई प्राप्ति गर्न लागेकोमा बैंकलाई धन्यवाद ज्ञापन गर्नुभयो । यो बैंक सबैभन्दा बलियो मध्येको बैंक भएकाले शेयरधनीहरुलाई लाभांश प्रदान गर्न पनि अगाडि रहेको र बैंकले शेयरधनी तथा ग्राहकहरुलाई प्रदान गर्ने सेवा तथा सुविधाहरु अत्यन्त राम्रो रहेकोले आफुले सधै एनएमबि बैंकमा कारोबार गर्दै आईरहेको जानकारी गराउनु भयो । बैंकमा अनुशासन रहेकोले कर्मचारीहरु अत्यन्त अनुशासित रहेको बताउदै कर्मचारीहरु रथका पाङग्रा भएकोले कर्मचारीहरुको मनोवल बढ्ने गरी काम गर्नको लागि सुझाव दिनुभयो । यस बैंकलाई विश्व बैंकले समेत विश्वास गरेको हुँदा विदेशबाट IFC बाट कर्जा लिन सफल भएकोले उल्लेखित कर्जालाई सदुपयोग गर्नको लागि सुझाव दिनुभयो ।

६) श्री भक्ति प्रसाद उप्रेती : यस्तो विषम परिस्थितीमा समेत विशेष साधारण सभा सम्पन्न गरी छिटो छिटो एकिकृत कारोबार गर्ने लक्ष्य लिएकोमा खुसी व्यक्त गर्दै बैंकका प्रमुख कार्यकारी अधिकृत, कम्पनी सचिव र कर्मचारीहरुको मेहनतको लागि विशेष धन्यवाद ज्ञापन गर्नुभयो । नेपाल राष्ट्र बैंकबाट बिग मर्जरको कुरा चलिरहेकाले बैंकको मर्जर समितिलाई अझ बढी सक्रिय रहनका लागि सुझाव दिर्दै प्राप्ति भई आउने कञ्चन डेभलपमेन्ट बैंकका कर्मचारीहरुलाई कुनै पनि किसिमको भेदभाव नगर्न र कञ्चन डेभलपमेन्ट बैंकसँग छिटो भन्दा छिटो एकिकृत कारोबार गरी वार्षिक साधारण सभा सम्पन्न गरेर शेयरधनीहरुलाई लाभांस वितरण गर्नको लागि अनुरोध गर्नु भयो ।

७) श्री शिव प्रसाद पौडेल : ७ नं. प्रदेशमा बलियो रुपमा रहेको कञ्चन डेभलपमेन्ट बैंकलाई १००:८५ को अनुपातमा एनएमबि बैंकमा भित्राउन गईरहेकोमा धन्यवाद दिनुभयो । यस बैंकको सञ्चालक समितिमा कञ्चन डेभलपमेन्ट बैंकका कुनै सदस्यलाई सहभागी गराउने वा नगराउने विषय स्पष्ट हुनुपर्ने र कम्पनी ऐनमा एक जना महिला सदस्य सञ्चालक समितिमा हुनुपर्ने प्रावधान रहेकोमा यही समयमा बैंकको सञ्चालक समितिमा महिला सदस्य राख्न ध्यानाकर्षण गराउनुभयो । उहाँले ग्राहक रहे मात्र बैंक रहने हुनाले बैंकका अनावश्यक खर्चहरु कटौती गरी शेयरधनीहरुको प्रतिफल बृद्धि गर्न र बैंकमा कर्मचारी सञ्चय कोषको समेत शेयर रहेकोले बैंकमा कर्मचारी सञ्चय कोषको निक्षेप बृद्धि गर्नको लागि सुझाव दिदै सम्पूर्ण प्रक्रियाहरु पुरा गरी छिटो भन्दा छिटो कञ्चन डेभलपमेन्ट बैंकसँग एकिकृत कारोबार शुरु गर्न अनुरोध गर्नुभयो ।

८) श्री नरसिंह लाल चखुं: एनएमबि बैंकले कञ्चन डेभलपमेन्ट बैंकलाई प्राप्ति गर्न लागेकोमा खुसी व्यक्त गर्नुभयो । बैंकमा रहेका सम्पूर्ण शाखाहरुको प्रोग्रेस र शुसासनलाई अझ अगाडी बढाउनुको लागि अनुरोध गर्नुभयो । नेपाल राष्ट्र बैंकले सम्पूर्ण बैंक तथा वित्तीय संस्थाहरुलाई बिग मर्जरमा जानकोलागि अनुरोध गरेकोले त्यस तर्फ पनि चनाखो रहन ध्यानाकर्षण गराउदैं कञ्चन डेभलपमेन्ट बैंकलाई सफलतापुर्वक प्राप्ति गरी एकिकृत कारोबार सञ्चालनको लागि शुभकामना दिनुभयो ।

९) श्री चन्द्र नारायण श्रेष्ठ : बैंकको विशेष साधारण सभामा भर्चुअल (विद्युतिय) माध्यमबाट सहभागी हुँदै सुदुर पश्चिममा रहेको कञ्चन डेभलपमेन्ट बैंकलाई प्राप्ति गर्न लागेकोमा खुसी व्यक्त गर्नुभयो । कञ्चन डेभलपमेन्ट बैंकको DDA गर्दा रु.७७ आएकोमा बैंकले रु.८५ दिएकोमा अलि बढी भएको र बजार मुल्य समेतको आधारमा अलि कम हुनु पर्ने धाराण राख्नु भयो । बैंकले सम्पन्न गर्न गईरहेको विशेष साधारण सभाको सफलताको शुभकामना दिनुहुदै बैंकले सम्पूर्ण कर्मचारी, निक्षेपकर्ता र शेयरधनीहरुको भलो गर्न सकोस भन्ने शुभेक्षा व्यक्त गर्नुभयो ।

NMB BANK LIMITED
एनएमबि बैंक लिमिटेड

१०. **शेयरधनीहरूको मन्तव्य र जिज्ञासा उपर सञ्चालक समितिका तर्फबाट प्रतिक्रिया तथा नीतिगत जवाफ :**

सभापति तथा संचालक समितिका अध्यक्षले शेयरधनीहरुको जिज्ञासाको जवाफ दिने क्रममा बैंकको सुदुरपश्चिम प्रदेशमा शाखा संजाल बृद्धि गरी रणनैतिक हिसाबमा बैंकको उपस्थितीलाई बलियो बनाउन कञ्चन डेभलपमेन्ट बैंकलाई प्राप्ति गर्न लागिएको कुरा बताउनु भयो । बैंकले covid-19 जस्तो विषम परिस्थितिमा पनि सक्षम रुपमा ग्राहकहरुलाई सेवा प्रवाह गरिरहेको र शेयरधनीहरुको हितलाई मध्येनजर गर्दै काम अगाडी बढाउने कुरा व्यक्त गर्नुभयो । उहाँले यस्तो परिस्थितिमा पनि लगनशील भएर काम गरि रहेका कर्मचारीहरुको मनोबल उच्च राख्नका लागि संचालक समितिले ध्यान दिएको जानकारी सभालाई गराउनु भयो । साथै, उहाँले मर्जर पश्चात वितरण गरिएको बोनस शेयरको कर छुटको सम्बन्धमा करको विवाद समाधान भए पश्चात वितरण गरिने कुरा ब्यक्त गर्दै बैंकमा संचालक समिति र व्यवस्थापनको सुमधुर सम्बन्ध रहेको जानकारी गराउनु भयो ।

सो पश्चात सभापतिको आज्ञाले बैंकका प्रमुख कार्यकारी अधिकृत श्री सुनिल के.सी. ले शेयरधनीहरुको जिज्ञासालाई देहाय बमोजिम सम्बोधन गर्नुभयो :

- covid-19 को विषम परिस्थितिमा समेत शेयरधनी महानुभावहरु उपस्थित भई आफ्नो अमुल्य सुभावहरु दिनु भएकोमा धन्यवाद ज्ञापन गर्नुभयो ।
- बैंकको हाल कर्जा तथा निक्षेपको बृद्धि हुनुका साथै विदेशी संस्था IFC बाट दोश्रो पटक पनि कर्जा लिनका लागि सम्झौता भईसकको जानकारी गराउनुभयो ।
- खराब कर्जा बढेको शेयरधनीहरुको जिज्ञासाको सम्बन्धमा बैंकले covid-19 का कारण उत्पन्न हुनसक्ने अवस्थालाई ध्यानमा राखी कर्जाको प्रोभिजन गरिएको कारण NPL बढ्न गएको र यसरी प्रोभिजन गरिएको रकम पछि फिर्ता भई शेयरधनीहरुलाई फाइदा हुने जानकारी गराउनुभयो ।
- सुदुरपश्चिम प्रदेश तिब्र बिकासको गतिमा रहेकोले बजार विस्तारको प्रचुर सम्भावना रहेकोकारण सुदुरपश्चिममा बलियो अवस्थामा रहेको कञ्चन डेभलपमेन्ट बैंकलाई प्राप्ति गर्न लागिएकोले उल्लेखित शेयर SWAP Ratio प्रदान गरिएको जानकारी गराउनुभयो ।
- यस बैंकलाई विदेशी संस्थाहरुको समेत विश्वास रहेकोले विदेशी संस्थाहरुबाट कर्जा ल्याउन सफल भएको कुरा व्यक्त गर्नुभयो ।
- यस बैंकमा व्यवस्थापन र कर्मचारीहरुको राम्रो सम्बन्ध रहेको कारण बैंकले प्रगति गर्न सफल भएको कुरा व्यक्त गर्नुभयो ।

११. **सभाबाट पारित प्रस्तावहरू :**

साधारण सभामा पूर्व सूचित छलफलका विषयहरूमा छलफल भई कम्पनी सचिवले प्रस्तावहरु पारित गरि दिनका लागि सभालाई अनुरोध भए बमोजिम सभाका शेयरधनीहरूको सर्वसम्मत निर्णयबाट देहाय बमोजिमको विशेष प्रस्तावहरू पारित गरियो ।

NMB BANK LIMITED
एनएमबि बैंक लिमिटेड

१. एनएमबि बैंक लिमिटेडले कञ्चन डेभलपमेन्ट बैंक लिमिटेडलाई प्राप्ति गर्ने सम्बन्धमा संचालक समितिको तर्फबाट प्रस्तुत प्रतिवेदन पारित गर्ने तथा एनएमबि बैंक लिमिटेडले कञ्चन डेभलपमेन्ट बैंक लिमिटेडलाई प्राप्ति गर्नका लागि अन्तिम स्वीकृति प्रदान गर्ने निर्णय गरियो ।

२. एनएमबि बैंक लि. ले कञ्चन डेभलपमेन्ट बैंक लिमिटेडलाई प्राप्ति गर्ने सम्बन्धमा सम्पत्ति तथा दायित्वको मुल्यांकन गर्नका लागि भएको मुल्यांकनकर्ताको नियुक्ति, मुल्यांकनकर्ताबाट प्राप्त मुल्यांकन प्रतिवेदन, प्राप्ति गर्ने सम्बन्धमा भएको प्रारम्भिक सम्झौता तथा प्राप्ति सम्बन्धी अन्तिम सम्झौतापत्रलाई अनुमोदन गर्ने निर्णय गरियो ।

३. एनएमबि बैंक लि. ले कञ्चन डेभलपमेन्ट बैंक लिमिटेडलाई प्राप्ति गर्ने प्रयोजनको लागि मुल्यांकनकर्ता श्री देव एसोसिएट्स, चार्टर्ड एकाउन्टेन्टसबाट प्राप्त लक्षित संस्थाको सम्पत्ति र दायित्वको मूल्यांकन प्रतिवेदन तथा अन्य सम्वद्ध व्यवस्थाको आधारमा निर्धारण गरिएको शेयर मुल्य अनुपात (Share Swap Ratio) - कञ्चन डेभलपमेन्ट बैंक लि. का शेयरधनीहरुलाई कञ्चन डेभलपमेन्ट बैंक लि. को प्रत्येक १०० कित्ता शेयर बराबर एनएमबि बैंक लि. को ८५ कित्ता शेयर प्रदान गर्ने (१०० : ८५) लाई स्वीकृति प्रदान गर्ने निर्णय गरियो ।

४. प्राप्तिको कार्य सम्पन्न भए पश्चात प्राप्ति सम्बन्धी सम्झौतापत्रमा उल्लेख भए बमोजिम बैंकको वर्तमान जारी तथा चुक्ता पुंजी बृद्धि हुने हुँदा सोही बमोजिम बैंकको प्रवन्धपत्रको दफा ६(ख) र ६ (ग) संशोधन गर्न संचालक समितिलाई अख्तियारी प्रदान गर्ने,

- दफा ६(ख) मा हाल रहेको " बैंकको जारी पूँजी रु.१३,९५,०९,८७,४६६।९६ (अक्षेरेपि तेह्र अरब पन्चानब्बे करोड नौ लाख सतासी हजार चार सय छैसट्ठी र पैसा छयानब्बे मात्र) हुनेछ । सो पूँजीलाई प्रतिशेयर रु.१००।- दरका १३,९५,०९,८७४.६६ (अक्षेरेपी तेह्र करोड पन्चानब्बे लाख नौ हजार आठ सय चौहत्तर दशमलव छैसट्ठी) थान शेयरमा विभाजन गरिएको छ ।" भन्ने व्यवस्थालाई संशोधन गरि " बैंकको जारी पूँजी रु.१४,४४,७७,५२,९६६.९६ (अक्षेरेपि चौध अरब चवालीस करोड सतहत्तर लाख बाउन्न हजार नौ सय छैसट्ठी र पैसा छयानब्बे मात्र) हुनेछ । सो पूँजीलाई प्रतिशेयर रु.१००।- दरका १४,४४,७७,५२९.६६ (अक्षेरेपी चौध करोड चवालीस लाख सतहत्तर हजार पांच सय उनान्तीस दशमलव छैसट्ठी) थान शेयरमा विभाजन गरिएको छ ।" भन्ने व्यवस्था कायम गर्ने ।
- दफा ६(ग) मा हाल रहेको "बैंकको चुक्ता पूँजी रु.१३,९५,०९,८७,४६६।९६ (अक्षेरेपि तेह्र अरब पन्चानब्बे करोड नौं लाख सतासी हजार चार सय छैसट्ठी र पैसा छयानब्बे मात्र) हुनेछ ।" भन्ने व्यवस्थालाई संशोधन गरि "बैंकको चुक्ता पूँजी रु.१४,४४,७७,५२,९६६.९६ (अक्षेरेपि चौध अरब चवालीस करोड सतहत्तर लाख बाउन्न हजार नौ सय छैसट्ठी र पैसा छयानब्बे मात्र) हुनेछ ।" भन्ने व्यवस्था कायम गर्ने ।

५. एनएमबि बैंक लि. ले कञ्चन डेभलपमेन्ट बैंक लिमिटेडलाई प्राप्ति गर्ने सम्बन्धमा भएको अन्तिम सम्झौतापत्रमा नियमनकारी निकायबाट कुनै संशोधनको लागि सुझाव वा निर्देशन प्राप्त भएमा सो बमोजिम संशोधन वा थपघट गर्नका लागि संचालक समितिलाई अख्तियारी प्रदान गर्ने निर्णय गरियो ।

६. बैंकको प्रबन्धपत्रमा भएको संशोधनको स्वीकृति लिंदा वा अभिलेख गर्दा गराउंदा केही सामान्य हेरफेर गर्न, संशोधन सम्बन्धी कागजात प्रमाणित गर्न, दाखिला गर्न र अभिलेख गराई लिन तथा यस साधारण सभाको निर्णय कार्यान्वयनका लागि गर्नुपर्ने सर्म्पूण कार्यहरु गर्न समेत सञ्चालक समितिलाई अख्तियारी दिने निर्णय गरियो ।

NMB BANK LIMITED
एनएमबि बैंक लिमिटेड

१२. धन्यवाद ज्ञापन तथा सभा विसर्जन :

आजको विशेष साधारण सभा सौहाद्रपूर्ण वातावरणमा शान्तिपूर्वक सम्पन्न भएकोले उपस्थित सम्पूर्ण संस्थापक तथा सर्वसाधारण शेयरधनी महानुभावहरू, उपस्थित प्रतिनिधिहरू, पर्यवेक्षक लगायत पत्रकार मित्रहरू एवं अन्य गन्यमान्य व्यक्तिहरू तथा कर्मचारीलाईसमेत यस बैंकको विशेष साधारण सभा सफलतापूर्वक सम्पन्न गर्न सहयोग गर्नुभएकोमा अध्यक्षज्यूले हार्दिक धन्यवाद ज्ञापन गर्दै दिनको १२:३०. बजे सभा समापन भएको घोषणा गर्नुभयो ।

द. ------------- २०।४।१५.
(पवन कुमार गोल्याण )
अध्यक्ष

द. -------------
(धुब प्रसाद अधिकारी)
कम्पनी सचिव

NMB BANK LIMITED
एनएमबि बैंक लिमिटेड